# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ११ गते २०३३ साल


श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

यान्त्रिक सारिणीकरण विकास समिति (गठन) आदेश, २०३१ को दफा ३ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही गठन आदेशको दफा ३ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखी समितिका अध्यक्ष र सदस्यहरूको हेरफेर गरेको छः–

(२) उप–दफा (१) बमोजिम गठित समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन् ।

| | |
|---|---|
| (क) सदस्य-सचिव, राष्ट्रिय योजना आयोग– | अध्यक्ष |
| (ख) महानिर्देशक, केन्द्रीय तथ्याङ्क विभाग– | सदस्य |
| (ग) सह–सचिव, अर्थ मन्त्रालय– | सदस्य |
| (घ) सह–सचिव, खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय– | सदस्य |
| (ङ) सह–सचिव, भूमिसुधार मन्त्रालय– | सदस्य |
| (च) सह–सचिव, उद्योग वाणिज्य मन्त्रालय– | सदस्य |
| (छ) सह–सचिव, शिक्षा मन्त्रालय– | सदस्य |
| (ज) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क– | सदस्य |
| (झ) प्रवन्धक, यान्त्रिक सारिणीकरण केन्द्र– | सदस्य–सचिव |

आज्ञाले–

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको मुख्य सचिव

६३१ ~~५८५~~



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

~~७८१~~ ६४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।